# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बुटवल, रुपन्देही
### प्रदेश नं. ५, नेपाल
### वोलपत्र आह्वानको सूचना
**प्रथम पटक प्रकाशित मिति २०७७/०४/१५**

१. बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय बुटवलको चालु आ.व.२०७७/०७८ का लागि स्वीकृत बजेट नीति तथा कार्यक्रम अन्तर्गत तपसिल वमोजिमको कार्य सिलबन्दी वोलपत्रद्धारा गराउनु पर्ने भएकोले सम्बन्धित निकायबाट देहाय बमोजिमको कार्य गर्न ईजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही वोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. न. | ठे.न . | कामको विवरण | धरौटी रकम रु | वोलपत्र दस्तुर रु | वोलपत्र अन्तिम दाखिला गर्ने मिति र समय | वोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | ०१/२०७७/०७८ | मसलन्द तथा स्टेशनरी सामान आपूर्ति कार्य | ८०,०००.०० | ३,०००.०० | मिति २०७७/०५/१४ गते दिनको १२.०० बजे | मिति २०७७/०५/१४ गते दिनको १३.०० बजे |

२. वोलपत्र दस्तुर तथा धरौटी रकम जम्मा गर्ने सम्बन्धि जानकारी ।

| कार्यालयको नाम | बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय | |
|---|---|---|
| संचित कोष खाता नं. | ३१२००३०४०१०००२ वोलपत्र दस्तुरको लागि | राष्ट्रिय वाणिज्य बैंक, बुटवल |
| कार्यालय कोड | ८०१०५४८०१ | |
| धरौटी खाता नं. | ३१२००३०३००००२ धरौटीको लागि | |

३. बोलपत्रदाताहरुले PPMO को Website http/www.bolpatra.gov.np मा भएको प्रावधान अनुसार बोलपत्र पेश गर्नुपर्नेछ ।
४. कुनै कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने/ आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
५. वोलपत्रदाताले वोलपत्र फाराममा उल्लेख गरेको दररेट २०७८ आषाढ मसान्त सम्म कायम रहने छ । सो अबधिभरमा कुनै पनि कारणबाट दिइएको दररेटमा मुल्य बढाउन पाईने छैन ।
६. वोलपत्रदाताले वोलपत्र फाराममा उल्लेखित गुणस्तरिय सामानहरु आपुर्ति गर्नुपर्नेछ ।
७. वोलपत्र फाराममा उल्लेखित सामानको परिमाणमा थप/घट गरी आपूर्ति गर्ने/नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
८. स्वीकृत वोलपत्रदातासंग २०७८ आषाढ मसान्त सम्म वोलपत्र फाराममा उल्लेखित सामानहरु स्वीकृत दररेटको आधारमा कार्यालयको आवश्यकता अनुसार पटक/पटक आपूर्ति गरिनेछ ।
९. स्वीकृत वोलपत्रदातासंग सम्झौता भई खरिद आदेश दिएको मितिले ३ दिन भित्र खरिद आदेश बमोजिमका सामानहरु आपूर्ति गरी सक्नु पर्नेछ
१०. सार्वजनिक खरीद ऐन २०६३, (संसोधन सहित) सार्वजनिक खरीद नियमावली २०६४ (संसोधन सहित) र अन्य प्रचलित नियम कानून अनुसार तोकिएको आधारहरु पुरा नभएको, रीत नपुगेको, म्यादभित्र दर्ता नभएको र यस सूचना एवं वोलपत्र सम्वन्धी कागजातमा उल्लेखित शर्तहरु पूरा नभएको वोलपत्रमा कुनै कारवाही हुनछैन ।
११. वोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको जिन्सी शाखामा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. प्रकाशित सूचना र टेण्डर डकुमेण्टका कुनै शर्त बाझिन गएमा सूचनामा प्रकाशित शर्त मान्य हुनेछ ।

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय